## सदैव सुखी ... पहिला र पछि

## विवाहलाई सबल बनाउने

### विवाह पूर्व: वैवाहिक शिक्षा

बलियो सम्बन्धले जीवनका परिवर्तन तथा चुनौतीहरुको सामना गर्न तपाईलाई तयार बनाउँछ। शुरवात मै राम्रो सञ्चार तथा बलियो सम्बन्ध सम्बन्धी सीपहरुको विकास गर्नु महत्वपूर्ण हुन्छ, ता कि अप्ठ्यारो समयमा ती सीपहरुमा तपाई भर पर्न सक्नु हुन्छ।

विवाहपूर्वको शिक्षाले जीवनभरका लागि विवाहलाई स्थापित गर्नका लागि सीप तथा जानकारीहरु प्रदान गरेर जोडीहरुलाई विवाहका लागि तयार बनाउँछ। अघिल्ला सम्बन्धहरुबाट जन्मेका बालबच्चाका कारण विवाहमा आइपर्ने थप आयाम तथा जटिलतालाई नियाल्नका लागि पाठ्यक्रम (कोर्स) हरु उपलब्ध छन्।

### विवाहका समयमा: पारिवारिक परामर्श

सम्बन्धलाई सही बाटोमा राखिराख्न सधैँ सजिलो हुँदैन। सम्बन्धजन्य समस्याहरु हाम्रो जीवनका विभिन्न चरणहरुमा उत्पन्न हुन्छन्। सम्बन्धमा डग्मगाउँदो क्षण आउनुको अर्थ तपाईको सम्बन्ध समस्यामा छ भन्ने होइन, बरु यसलाई केही सहयोगबाट समाधान गर्न सकिने संकेतको रुपमा लिन सकिन्छ।

पारिवारिक परामर्शले जोडीहरुलाई विवाहका समयमा आउने थुप्रै परिवर्तनलाई सहमतिमा ल्याउन मद्दत गर्न सक्छ, जस्तैः बालबालिका र परिवारसँगको व्यक्तिगत र अन्तरव्यक्तिगत मामलाहरु। पारिवारिक परामर्शदाताले तपाईको पतिपत्नी वा साथीसँगको भावनात्मक समस्याको निदानमा सहयोग गर्न सक्छ, वा तपाईको अभिभावकीय जिम्मेवारीका विषयमा सहमतिमा पुग्न सघाउ गर्न सक्छ।

### वैवाहिक असफलताः Family Dispute Resolution (विवाद समाधान)

Family Dispute Resolution (FDR) (पारिवारिक विवाद समाधान - एफडीआर) ले सम्पत्ति, रकम, र अझ महत्वपूर्ण रुपमा– छुट्टिँदै गरेका जोडीहरुलाई कुनै बालबच्चाको सम्बन्धमा सहमतिमा पुग्न सघाउ गर्छ। अभिभावकत्वको विवाद भएका छुट्टिएका परिवारलाई FDR मार्फत् समस्या सुल्झाउने कानुनी आवश्यकता रहन्छ।

मान्यताप्राप्त FDR कर्मीहरुले तपाईलाई समस्यामाथि छलफल गर्न, विकल्पको खोजी गर्न र सहमतिमा पुग्न सहयोग गर्छन्। महत्वपूर्ण रुपमा, कुनै पनि बालबच्चाको अभिभावकीय योजनाको विकास गरेर चाँजोपाँजो मिलाउन FDR ले सहयोग गर्न सक्छ।

जोडी र परिवारका लागि सेवा तथा सुझावबारे थप जानकारीका लागि **Family Relationships** (पारिवारिक सम्बन्ध) को अनलाइन वेबसाइट **www.familyrelationships.gov.au** हेर्नुहोस् वा **Family Relationships** को सुझाव लाइन **1800 050 321** मा फोन सम्पर्क गर्नुहोस्।

यो जानकारी *Marriage Act 1961 (विवाह ऐन १९६१)* को उपखण्ड 42 (5A) *Marriage Regulations 1963 (विवाह विनियम १९६३)* को नियम 39A को आधारमा उपलब्ध गराइएको हो।

# सदैव खुशी ... पहिले र पछि

## विवाह बन्धनमा बाँधिने योजनामा रहेका जोडीहरुका लागि जानकारी



## विवाह महत्वपूर्ण छ

तपाईको विवाहको विधि पूरा गराउने अधिकारीले तपाईलाई यो कागजात हस्तान्तरण गर्दैछ किनकि विवाहको निर्णय एउटा जोडीले गर्ने सबैभन्दा ठूलो निर्णय हो। विवाह एउटा महत्वपूर्ण कदम हो, जस्ले तपाई, तपाईको जोडी र तपाईको परिवारमा थुप्रै परिवर्तनहरु ल्याइदिन्छ। यो कागजातले तपाईलाई निम्न कुरा बताउँछः

- अष्ट्रेलियामा विवाहित हुने प्रक्रिया,
- विवाहित भएपछिको केही महत्वपूर्ण कानुनी परिणामहरु, र
- विवाह शिक्षा, पारिवारिक परामर्श वा विवाद समाधान सेवा जस्ता सम्बन्ध सहायता सेवाहरुको उपलब्धता बारे जानकारी।

## अष्ट्रेलियामा विवाहित हुने

अष्ट्रेलियामा विवाहलाई *Marriage Act 1961 (विवाह ऐन १९६१)* द्वारा नियमन गरिन्छ, जसले विवाहको प्रक्रिया र वैधानिक विवाहका लागि कानुनी प्रावधानहरुको व्यवस्था गर्दछ।

**Notice of Intended Marriage (विवाह इच्छाको सूचना)** फाराम भरेर विवाहको कम्तीमा एक महिना (र १८ महिनासम्म) अघि तपाईको विवाह गराउने अधिकारी (celebrant) लाई बुझाइसक्नु पर्नेछ।

तपाई र तपाईको जोडीले विवाह गराउने अधिकारीलाई **तपाईहरुको जन्ममिति र जन्मस्थानको प्रमाण, पहिचान र पहिलाको विवाहको तोडिएको जनाउने कागजात** पेश गर्नु पर्छ।

तपाईहरु दुवैले 'Declaration of no legal impediment to marriage' (विवाहको लागि कुनै कानुनी व्यवधान नरहेको घोषणा) गर्ने कागजातमा हस्ताक्षर गर्नुपर्छ। यो घोषणामा हस्ताक्षर गरेर, तपाईले आफू विवाहको लागि योग्य उमेरको भएको, र विवाहका निम्ति अन्य कुनै व्यवधान नरहेकोमा आफू विश्वस्त भएको घोषणा गर्नु हुन्छ।

तपाईको **विवाहको दिनमा** तपाईको विवाह अधिकारीले विवाह सम्पन्न गर्नुहुनेछ। उहाँले तपाई र तपाईको जोडी तथा त्यहाँ उपलब्ध साक्षीलाई **तीन वटासम्म वैवाहिक प्रमाणपत्रमा हस्ताक्षर** गर्न अनुरोध गर्नुहुनेछ।

विवाहपश्चात् तपाईको विवाह भएको स्थानको प्रान्तको Registry of Births, Deaths and Marriages (जन्म, मृत्यु र विवाह दर्ता गर्ने कार्यालय) मा **तपाईहरुको विवाह गराउने अधिकारीले विवाह दर्ता** गराउनु हुनेछ।

## अष्ट्रेलियामा विवाहः
## तपाईले जान्नुपर्ने केही महत्वपूर्ण कुरा

### स्वास्थ्य तथा कल्याणकारी सुविधा

यदि तपाईले स्वास्थ्य वा कल्याणकारी सुविधा प्राप्त गर्नुहुन्छ भने तपाईले ती सम्बन्धित नियोगहरुलाई सम्पर्क गरेर तिनीहरुलाई तपाई अब विवाहित भएको जानकारी दिनु पर्ने हुन्छ। ती नियोगहरुले तपाईले प्राप्त गर्ने सुविधाहरुमा परिवर्तन आएमा तपाई जानकारी गराउनेछन्। विवाहपश्चात्को निश्चित समयभित्र तपाईले तीन नियोगहरुलाई जानकारी गराउनु भएन भने आफूले प्राप्त गर्ने सुविधाहरु त गुमाउनु हुन्छ नै, अझ सजायको भागीदार पनि भइनेछ।

### तपाईको नाम परिवर्तन

विवाह गर्ने व्यक्तिले आफ्नो जोडीको थर राख्न पाउनेछ। विवाह गरेपश्चात् तपाईले आफ्नो थरलाई जोडीको थरमा परिवर्तन गर्नु पर्ने कानुनी आवश्यकता छैन।

यदि तपाईले आफ्नो जोडीको थर आफ्नो नामपछि राख्ने भए, तपाईले आफ्नो प्रान्त वा क्षेत्रको Registry of Births, Deaths and Marriages (जन्म, मृत्यु र विवाह दर्ता कार्यालय) बाट जारी हुने विवाह प्रमाणपत्र प्राप्त गर्नु पर्ने हुन्छ। आफ्नो व्यक्तिगत कागजात (जस्तैः चालक अनुमतिपत्र) मा विवाहपश्चातको थर परिवर्तन गर्न यो सामान्यता पर्याप्त प्रमाण हुनेछ।

विवाहको दिनमा प्राप्त हुने प्रमाणपत्र औपचारिक मात्र हुन्छ र यसले राहदानी कार्यालय लगायतका धेरै सरकारी नियोगहरुलाई मान्य हुने पहिचानको आवश्यकता पूरा गर्दैन।

### नागरिकता

यदि तपाईले अष्ट्रेलियन नागरिकसँग विवाह गर्नुभयो भने तपाईसँग अष्ट्रेलियन नागरिक हुने स्वाचालित अधिकार प्राप्त हुँदैन। त्यसपछि पनि तपाईले नागरिकताको लागि आवेदन दिनुपर्ने छ र त्यसका लागि योग्यताको मापदण्ड पूरा गर्नुपर्नेछ। यस सम्बन्धी थप जानकारी Department of Immigration and Border Protection (आप्रवासी तथा सीमा संरक्षण विभाग) को वेवसाइट www.immi.gov.au मा प्राप्त गर्न सकिन्छ।

### इच्छापत्र (will) बनाउँदा

तपाईको इच्छापत्र लेख्ने बेलामा स्पष्टरुपमा यस विवाहको योजना रहेको देखाइएको अवस्थामा बाहेक अगाडिका अन्य सबै इच्छापत्रहरुलाई वैवाहिक इच्छापत्रले बदर गरिदिन्छ।

जब तपाईको व्यक्तिगत अवस्थामा परिवर्तन आउँछ, तब नयाँ इच्छापत्र बनाउनु महत्वपूर्ण हुन्छ। यसले तपाईको मृत्युपश्चात् तपाईको सम्पत्ति कसरी बाँडफाँड हुनेछ भन्ने आफ्नो इच्छालाई मान्यता प्राप्त इच्छापत्र तपाईसँग भएको सुनिश्चित गर्छ।

### विवाहपश्चातको कर नियम

जब तपाई वैवाहिक बन्धनमा बाँधिनुहुन्छ, तपाईले तिर्ने करको रकममा परिवर्तन आउँछ। करको दायराको विषयमा छलफल गर्न विवाहपूर्व Australian Taxation Office (अष्ट्रेलियन कर कार्यालय), कर एजेन्ट वा लेखापाललाई सम्पर्क गर्न सुझाव दिइन्छ।